राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक १६१ २०८२ पुस २९ गते मंगलवार (13 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## मेयर बालेनले माघ ५ मा राजीनामा दिने

दैनिक समाचारदाता

काठमाठौं, २८ पुस । काठमाडौँ महानगरपालिकाका मेयर बालेन शाहले माघ ५ गते पदबाट राजीनामा दिने भएका छन् । प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी दिनका लागि उनले राजीनामा दिने तयारी गरेको मेयर शाहको सचिवालय स्रोतले जनाएको छ ।सचिवालयका एक सदस्यका अनुसार, 'उहाँले राजीनामा दिने निश्चित भइसकेको छ । माघ ५ गते औपचारिक रूपमा राजीनामा आउनेछ ।'राजीनामा दिएपछि बालेन शाह निर्वाचन तयारीका



लागि झापा(५ जाने तयारीमा छन् । उनी नेकपा (एमाले) अध्यक्ष केपी शर्मा ओलीसँग झापा(५ बाट निर्वाचन लड्ने विषयमा छलफलमा रहेको बताइएको छ ।

## टिचिङ अस्पतालको स्वास्थ्य बीमा कार्यक्रम बन्द

दैनिक समाचारदाता

काठमाडौं, २८ पुस । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल ( टिचिङ अस्पताल) ले स्वास्थ्य बीमाको सेवा नै बन्द गर्ने निर्णय गरेको छ । आगामी माघ १ गतेदेखि स्वास्थ्य बीमा अन्तर्गतका सम्पूर्ण उपचार सेवा बन्द गर्ने अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालका अनुसार विगत लामो समयदेखि बीमा बोर्डले दाबी भुक्तानी नगर्दा अस्पतालको आर्थिक अवस्था धरासायी बनेको छ । बीमा बोर्डले अस्पताललाई ४० करोड भुक्तानी दिन बाँकी छ । अस्पतालले मासिक करिब ५ करोड रुपैयाँभन्दा बढी खर्च व्यहोर्दै आएकोमा बीमा बोर्डबाट ५० प्रतिशत मात्र दाबी स्वीकृत हुँदै थप समस्या आएको अस्पताल प्रशासनले जनाएको छ ।

अस्पतालले उपचार दररेटमा बीमा बोर्ड र अस्पतालबीच ठूलो अन्तर रहेको, पटक(पटक ध्यानाकर्षण गराउँदा पनि कुनै सुनुवाइ नभएको जनाएको छ । 'विगत दुई वर्षदेखि आफ्नै आन्तरिक स्रोतबाट दैनिक खर्च धान्दै आएको अस्पतालले अब थप घाटा बीमाको सेवा दिन सक्दैनौं', सुचनामा भनिएको छ ।

अस्पतालले विभिन्न आर्थिक वर्षमा दाबी गरेको रकममध्ये ठूलो हिस्सा भुक्तानी हुन बाँकी रहेको अस्पतालका सूचना अधिकारी डा. गोपाल सेढाईंले बताए । 'भुक्तानी अभावले अस्पतालको आन्तरिक स्रोतबाट खर्च धान्न कठिनाइ भएको छ । औषधि तथा स्वास्थ्य सामग्री सप्लायरलाई पनि ५ महिनादेखि भुक्तानी दिन सकिएन', डा. सेढाईंले अनलाइनखबरसँग भने, 'घाटा नै खाएर सेवा दिन सकिँदैन भन्ने भएपछि सेवा बन्द गर्ने निर्णयमा पुगेका हौं ।'

बोर्डका अनुसार सूचीकृत स्वास्थ्य संस्थालाई ११ अर्बभन्दा बढी भुक्तानी दिन बाँकी छ । लामो समयदेखि बिमितको उपचार गरेवापतको रकम भुक्तानी नपाएपछि अस्पतालहरूले स्वास्थ्य बीमा कार्यक्रम केही हप्ताभित्रै बन्द गर्ने चेतावनी दिएका छन् ।

## भ्रष्टाचारविरुद्ध गगनको आठबुँदे संकल्प

### भ्रष्टाचारको आरोप लागे स्वतः निलम्बन

दैनिक समाचारदाता

काठमाडौं, २८ पुस । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले नागरिकमा राज्यप्रति निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार भएको भन्दै भ्रष्टाचार नियन्त्रणका लागि आठबुँदे संकल्प गरेका छन् ।

विकासको गति अवरुद्ध हुनु, सार्वजनिक सेवामा नागरिकको भरोसा कमजोर हुनु र राज्यप्रति नै निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार नै रहेको महामन्त्री थापाको निष्कर्ष छ ।

उनले भ्रष्टाचारको आरोप लागेका कुनै पनि तहका नेता र सदस्य स्वतः निलम्बन हुने प्रस्ताव नै अघि सारेका छन् । भृकुटीमण्डपमा जारी विशेष महाधिवेशनको बन्दसत्रमा समसामयिक राजनीतिक प्रतिवेदन पेश गर्दै महामन्त्री थापाले आठबुँदे संकल्प प्रस्तुत गरेका हुन् ।

'सुशासन भनेको भ्रष्टाचार नियन्त्रण, न्यायपूर्ण उत्तरदायी र परिणाममुखी शासन प्रणाली हो । यसको लागि शासन प्रणालीलाई स्वच्छ, निष्पक्ष रसुशासनयुक्त बनाउन आवश्यक छ,' सुशासन र



भ्रष्टाचार शीर्षकमा उनले लेखेका छन्, 'भ्रष्टाचार नेपालका राजनीतिक, प्रशासकिन र आर्थिक समस्याहरूको जरो हो । विकासको गति अवरुद्ध हुनु, सार्वजनिक सेवामा नागरिकको भरोसा कमजोर हुनु र राज्यप्रति नै निराशा बढ्नुको मुख्य कारण भ्रष्टाचार नै हो । राजनीतिक नेतृत्व व्ययं इमान्दार नभएसम्म प्रशासनलाई जति सुधारे पनि भ्रष्टाचार प्रभावकारी रूपमा नियन्त्रण हुन सक्दैन ।'

काठमाडौंको भृकुटीमण्डपमा जारी नेपाली कांग्रेसको दोस्रो विशेष महाधिवेशनको बन्दसत्र । विभिन्न अध्ययनहरूले भ्रष्टाचार नियन्त्रण कानून र संस्थाको सवलीकरणका साथै राजनीतिक इच्छाशक्ति र नैतिक नेतृत्व आवश्यक पर्ने देखाएको उनले उल्लेख गरेका छन् ।

*आठबुँदे संकल्प :*

१) विधिको शासनलाई व्यवहारिक र प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ । सम्पूर्ण सार्वजनिक पद धारण गरेका व्यक्ति कानुनको अधिनमा रहने, नीतिगत निर्णयको ठोस परिभाषा तय गरी त्यस बाहेकका मन्त्रिपरिषद्का बैठकका निर्णयलाई पनि अख्तियारको छानबिनको दायरा भित्र ल्याउने गरी भ्रष्टाचार निवारण ऐन र अख्तियार ऐनको संशोधन गरिनेछ । साथै प्रशासनलाई राजनीतिक दबाबबाट मुक्त रहने गरी निजामती विधेयक संसदबाट पारित गरिने छ । राज्यका संस्थाहरूलाई दलीयकरणबाट मुक्त गरिनेछ । यस्तो व्यवस्था विश्वविद्यालय, विद्यालय तथा अन्य सम्पूर्ण सार्वजनिक निकायहरूमा पनि कार्यान्वयन गरिने छ । स्वार्थको द्वन्द्वसम्बन्धी कानूनका लागि पहलकदमी गरिनेछ ।

२) सरकार फेरिएपिच्छे नीति फेर्ने रोगको अन्त्य गर्दै नीतिगत निरन्तरताको लागि आवश्यक पर्ने कानुनी र नीतिगत व्यवस्था गरिने छ । यसका लागि राष्ट्रिय सहमतिमा आधारित दीर्घकालिन नीति तर्जुमा गर्ने प्रणाली विकास गरिने छ ।

*बाँकी ४ पृष्ठमा*

## कस्तो छ निकोलस मदुरोको अवस्था ? के गरिरहेछ अमेरिका ?

काराकास २८ पुस । भेनेजुएलाका अपदस्थ राष्ट्रपति निकोलस मदुरोले एक साताअघि अमेरिकी सेनाले पक्राउ परेपछि अहिलेसम्म आफू ठीक रहेको बताएका छन् । पूर्व नेता मदुरो र उनकी पत्नीलाई जनवरी ३ मा काराकासमा रातको समयमा हवाई आक्रमणबाट नाटकीय रूपमा पक्राउ गरिएको थियो । उनीहरूलाई अमेरिकी सेनाले न्यूयोर्क शहरमा लागूऔषध ओसारपसार र हतियारको आरोपमा मुद्दा चलाउन लगेको थियो।

राष्ट्रपति मदुरोका छोरा निकोलस मदुरो गुएराले शनिबार सार्वजनिक गरेको एक भिडियोमा राष्ट्रपति मदुरो न्यूयोर्कको जेलमा 'ठीक' रहेको बताएका छन् ।

करिब एकहजार प्रदर्शनकारीले पार्टीको झण्डा र प्लेकार्डहरू हल्लाउँदै जुँगा लगाएका पूर्व नेता र उनकी पत्नी सिलिया फ्लोरेसको अनुहार सहित, काराकासको पश्चिमी र केही सय पूर्वी पेटारे जिल्लामा भेला भए।

'निकोलस र सिलिया नआउन्जेल म जति पटक पनि मार्च गर्नेछु,' ६९ वर्षीय प्रदर्शनकारी सोलेदाद



रोड्रिगेजले भने ।

'उहाँ (मदुरो र उहाँकी पत्नी) लाई अपहरण गरिएको छ, म आँखा चिम्लेर विश्वास गर्दछु कि तिनीहरू फर्कनेछन्,' विगतमा मदुरोको शिविरले गरेको भन्दा प्रदर्शनहरू निकै साना भए पनि मदुरोको सरकारका शीर्ष व्यक्तिहरू उल्लेखनीय रूपमा अनुपस्थित थिए।


रोड्रिगेजले कृषि मेलामा भाग लिएको तर जुलुसलाई सम्बोधन भने नगरेको देखिएको थियो। उनले शक्तिशाली मदुरो समर्थक आधारलाई शान्त पार्न भेनेजुएला वासिङ्गटनको 'अधीनस्थ' स्वतन्त्र छ भनी आफ्नो देशभक्तिपूर्ण भनाईद्वारा समर्थकलाई शान्त पार्ने प्रयास गरिरहेका थिए ।

टेलिभिजन टिप्पणीहरूमा उनले भने, 'मैले राष्ट्रपति फिर्ता नभएसम्म एक मिनेट पनि आराम नगर्ने प्रतिबद्धता गरेको छु ।'

उनको सरकारका अन्य दुई कट्टरपन्थी शक्तिहरू गृहमन्त्री डियोस्डाडो काबेलो र रक्षामन्त्री भ्लादिमिर पाड्रिनो लोपेज भने

*बाँकी ३ पृष्ठमा*


अब अनलाइनबाट बुकिङ्को सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्को लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# समावेशीताको नारा र दलितको वास्तविकता

संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपालका सबैजसो राजनीतिक दलले समानुपातिक प्रतिनिधित्व र समावेशीतालाई आफ्नो मूल राजनीतिक एजेन्डाका रूपमा प्रस्तुत गर्दै आएका छन् । संविधान, घोषणापत्र र सार्वजनिक मञ्चमा बारम्बार दोहोरिने यी शब्दहरू सुन्दा लाग्छ–अब राज्य संरचनामा सबै समुदायको सम्मानजनक उपस्थिति सुनिश्चित भइसकेको छ । तर व्यवहारको धरातलमा उभिएर हेर्दा, यी नारा अझै पनि कागजी प्रतिबद्धतामा सीमित देखिन्छन् । विशेषगरी दलित समुदायको प्रतिनिधित्वको सवालमा राजनीतिक दलहरूको चरित्र झनै विरोधाभासी र चिन्ताजनक छ ।

नेपालको कुल जनसंख्यामा करिब १३ प्रतिशत र मधेश प्रदेशमा झण्डै १८ प्रतिशत हिस्सा ओगटेको दलित समुदाय राजनीतिक निर्णय प्रक्रियाबाट निरन्तर बाहिरै राखिँदै आएको छ । निर्वाचनका बेला दलित समुदायलाई भोट बैंकका रूपमा प्रयोग गर्ने प्रवृत्ति सामान्य जस्तै बनेको छ । तर पार्टीको नीति निर्माण, नेतृत्व चयन र निर्णायक तहमा पुग्ने सवाल आउँदा दलितको नाम प्रायः सूचीको पुछारमै सीमित हुने गरेको छ । यो केवल प्रतिनिधित्वको अभाव मात्र होइन, लोकतन्त्रको आत्मामाथि नै प्रश्न उठाउने विषय हो ।

जनकपुरधाममा हालै आयोजित 'राजनीतिक दलमा समावेशीताको अवस्था र आन्तरिक लोकतन्त्र' विषयक कार्यक्रममा प्रस्तुत तथ्यांकले यही यथार्थलाई अझै स्पष्ट पारेको छ । प्रमुख राजनीतिक दलहरूमा खस आर्य समुदायको वर्चस्व कायम रहँदा दलित र मधेशी समुदायको उपस्थिति अत्यन्त न्यून देखिन्छ । नेपाली काँग्रेस र नेकपा (एमाले) जस्ता ठूला दलमा दलित प्रतिनिधित्व क्रमशः ७ र ६ प्रतिशतमा सीमित रहनु आफैंमा गम्भीर संकेत हो । निर्णय प्रक्रियामा करिब ६० प्रतिशत खस आर्यको प्रभुत्व हुनु समावेशीताको सिद्धान्तसँग प्रत्यक्ष टकराव हो । कम्युनिष्ट आन्दोलनले समानता र वर्गीय मुक्तिको नारा बोकेर राजनीति गरेको इतिहास छ । तर व्यवहारमा नेपाली कम्युनिष्ट दलहरूभित्र खस आर्यको प्रतिनिधित्व ९८ प्रतिशतसम्म पुग्नु र दलितको उपस्थिति ४ प्रतिशतमा सीमित हुनु विडम्बनापूर्ण छ । यसले देखाउँछ–नारा र व्यवहारबीचको खाडल अझै गहिरो छ । मधेशी समुदायको प्रतिनिधित्व पनि अधिकांश राष्ट्रिय दलहरूमा ७-९ प्रतिशतमै सीमित रहनु संघीयताको मर्मविपरीत छ ।

केही वर्षअघि वैकल्पिक राजनीतिका नाममा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीको अवस्थासमेत धेरै फरक छैन । यद्यपि अन्य दलको तुलनामा दलितको उपस्थिति केही सुधारिएको देखिए पनि ९ प्रतिशत प्रतिनिधित्व कुनै पनि हालतमा सन्तोषजनक मान्न सकिँदैन । मधेशी समुदायको प्रतिनिधित्व पनि उस्तै सीमित छ । यसले देखाउँछ–नयाँ दलको नाममा पुरानै सामाजिक संरचनाको पुनरुत्पादन भइरहेको छ ।

मधेश केन्द्रित दलहरूबाट दलित समुदायले अपेक्षा गर्नु स्वाभाविक हो । तर तथ्यांकले यहाँ पनि निराशाजनक तस्वीर प्रस्तुत गर्छ । जसपा नेपाल, राष्ट्रिय मुक्ति पार्टी वा जनमत पार्टी–कुनै पनि दलमा दलित प्रतिनिधित्व १० प्रतिशत नाघ्न सकेको छैन । मधेशी समुदायको बहुलता भए पनि दलितको सवालमा यी दलहरू पनि राष्ट्रिय दलहरूकै पंक्तिमा उभिएको देखिन्छ । यसले देखाउँछ–दलित मुद्दा केवल भाषण र दस्तावेजमा सीमित छ, व्यवहारमा होइन ।

दलित समुदाय ऐतिहासिक रूपमा सामाजिक, आर्थिक र शैक्षिक रूपले पछाडि पारिएको वर्ग हो । यस्तो समुदायलाई राजनीतिक निर्णय प्रक्रियाबाट टाढा राखेर समावेशी लोकतन्त्रको कल्पना गर्नु आत्मवञ्चनाबाहेक केही होइन । समानुपातिक प्रतिनिधित्व केवल संख्याको प्रश्न मात्र होइन, नीति निर्माणमा आवाज र प्रभावको प्रश्न हो । जबसम्म दलित समुदाय पार्टीको केन्द्रीय समिति, स्थायी समिति, संसदीय दल र सरकारको निर्णायक तहमा पुग्दैन, तबसम्म लोकतन्त्र अधुरो नै रहन्छ ।

अब राजनीतिक दलहरूले आत्मसमीक्षा गर्ने समय आएको छ । समावेशीतालाई केवल संविधानको बाध्यता वा निर्वाचन जित्ने औजारका रूपमा होइन, लोकतन्त्रको आधारस्तम्भका रूपमा स्वीकार गर्नुपर्छ । दलित समुदायलाई टिकट वितरणदेखि नेतृत्व विकाससम्म स्पष्ट कोटा, संरचनागत सुधार र राजनीतिक इच्छाशक्ति बिना परिवर्तन सम्भव छैन । दलितलाई प्रतिनिधित्व दिनु दया होइन, अधिकार हो ।

यदि दलित समुदाय अझै पनि राजनीतिक रूपमा हाशियामै राखिने हो भने संघीयता र लोकतन्त्र दुवैको सार्थकता गम्भीर प्रश्नको घेरामा पर्नेछ । समावेशीताको नारा व्यवहारमा रूपान्तरण नगर्ने राजनीतिक संस्कृति नै आज नेपालको लोकतान्त्रिक विकासको सबैभन्दा ठूलो बाधा बनेको छ । अब पनि नसुध्रिने हो भने इतिहासले राजनीतिक दलहरूलाई कठोर प्रश्न सोध्नेछ–लोकतन्त्र कसका लागि ?

# गगन-विश्वको निर्णायक दायित्व



सुदर्शन आचार्य

नेपालको लोकतान्त्रिक आन्दोलनको मियो शक्ति भनेर चिनिएको नेपाली कांग्रेसको नियति पनि बडो बुझिनसक्नुको छ । २००७ सालको जनक्रान्ति सम्पन्न पश्चात्देखि कांग्रेसलाई कमजोर बनाइने खेल प्रारम्भ भएको, आजपर्यन्त उक्त खेल जारी छ । कांग्रेस कमजोर बनाउने खेलमा हिजो तथाकथित 'दरबार' उपयोग भएथ्यो, आज कांग्रेसलाई कमजोर बनाउने शक्तिकेन्द्र परिवर्तन भएका छन् । तर, भन्नै पर्ने हुन्छ- 'कांग्रेसलाई कमजोर बनाउन उपयोग हुने पात्र भने कांग्रेस भित्रै छन् ।'

सत्ता स्वार्थका लागि हरकदम जायज ठान्ने पात्र कांग्रेसभित्रै भएकैले इतिहासमै कांग्रेसले चैनको सास फेर्न पाएन । पञ्चायतकालीन कालखण्डलाई छाडिदिऊँ, २०४८ सालको आमनिर्वाचनमा किशुनजी ( कृष्णप्रसाद भट्टराई)को हारपश्चात् गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री चयन भए । तत्पश्चात् सन्त नेता किशुनजीलाई उपनिर्वाचन लडाइयो र हराइयो पनि ! किशुनजीलाई हराउने काममा गिरिजाप्रसाद निकट केही संदिग्ध व्यक्ति पूरै शक्ति खर्चेर लागेकै थिए । कांग्रेस कमजोर बनाउने यात्रा पछिल्लो समय यहींबाट प्रारम्भ भयो ।

प्रधानमन्त्री बन्न पुगेका गिरिजाप्रसाद कोइरालाले सरकारको नीति तथा कार्यक्रम त पेश गरे, उक्त कार्यक्रमलाई पार्टीभित्रको बेमेलकै कारण असफल गराइयो । लगत्तै पार्टी फुटाउने तयारीमा कोइराला लागिहाले । अनौठो नै मान्नुपर्दछ, तिनै पराजय भोग्न पुगेका किशुनजीले कांग्रेसलाई आफूले विष पिएर फुटबाट जोगाए । आज त्यही विष पिएर भए पनि कांग्रेसलाई फुट्नबाट जोगाउँछौं भन्दैछन्- महामन्त्रीद्वय 'गगन थापा र विश्वप्रकाश शर्मा ।'

हुन पनि, किशुनजी र गिरिजाप्रसादको त्यो राजनीतिक युद्ध तथा बेमेल पश्चात् शक्तिको केन्द्र भागमा पुगेका शेरबहादुर देउवाले सत्ता सम्हाले यता 'संकटकाल, संसद् विघटन, निर्वाचनको घोषणासँगै पार्टी विभाजनसम्म' के मात्रै गरेनन् !

विभाजित पार्टी स्वयम् लिएर राजाको कदमको विरुद्धमा वृद्ध गिरिजाप्रसाद सडकमा जाँदै गर्दा प्रजातान्त्रिक कांग्रेस नामको 'दोकान' खोल्न पुगेका देउवाले 'गोर्खाली राजाले न्याय गरे' भन्दै सरकार बनाउन पुगे भने त्यही सरकारमा 'प्रतिगमन आधा सच्चियो' भन्दै नेकपा एमाले समेत देउवा सरकारमा सामेल हुनपुग्यो ।

अन्ततः पुनः राजाद्वारा सत्ताच्यूत गरिन पुगेका 'देउवा-एमाले' लगायत दल सडकमै पुगे । उता, कांग्रेस आन्दोलनको मोर्चाबाट फिर्ता भएकै थिएन । कालान्तरमा दिल्लीमा सम्पन्न बाह्रबुँदे पश्चात् प्रतिनिधिसभा पुनर्स्थापना भयो, सत्ता साझेदारी हुँदै दुई पटक संविधानसभाको निर्वाचन सम्पन्न पश्चात् मुलुकले अर्कै कोर्स लियो ।

यहाँसम्म आइपुग्दा पनि देउवाको भूमिका लोकतन्त्रका लागि सुखद् देखिएन । कर्णलाई युद्धको मैदानमा रथको पांग्रा भासियोस् भनेर श्राप दिइए जस्तै देउवाले जहाँ-जहाँ जति हात हाले, त्यहीं विग्रह बाहेक कांग्रेसका लागि उपलब्धि हासिल हुने काम नै हुन सकेन । राणाकालीन समयमा सर्वस्वहरणमा परेका, पञ्चायतमा परिवारसँग घरमै बस्न नपाएका, माओवादी द्वन्द्वकालमा फरक विचार बोकेकै कारण गाउँबाट उठिबास नै लाग्दा पनि कोही कांग्रेस पार्टी फुटाउन र पार्टीबाट बाहिरिन तयार थिएनन् ।

तर, जब शेरबहादुर देउवामा जसरी पनि सत्तामा पुग्ने अभिलाषा पलायो, तब कांग्रेसभित्र विग्रह प्रारम्भ हुन पुग्यो । अझ, आजका मितिमा देउवाको उक्त चाहनाका सारथिको रूपमा डा. शेखर कोइराला देखा परे, तब कांग्रेस एउटै र सग्लै रहनेमा आशंका देखिन थाल्यो ।

नेपाल ट्रष्टको जग्गा लिज प्रकरणमा मुछिएका, पार्टीको पदाधिकारीमा रहेर अकुत सम्पत्तिको विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा बयान दिन धाइरहेका, सुडान प्रकरणमा पूरक अभियोजन तयार हुँदा केस लाग्ने निश्चित रहेका, भ्रष्टाचारकै मुद्दामा विशेष अदालत धाइरहेका र कार्यकर्ता तथा जनताबाट पटक-पटक अनुमोदित हुन नसकेको एउटा ठूलो पंक्ति देउवासँग छ । र, भन्दैछ- पार्टी विधानमा उल्लेख भएको भए तापनि 'विशेष महाधिवेशन' अवैध हो ।

विशेष महाधिवेशनलाई अवैध ठहऱ्याउँदै गर्दा एकातिर सुशासनका पक्षधर 'गगन-विश्व'लाई पार्टीबाटै हटाउन सकिने र अर्कातिर कांग्रेसभित्रै बसेर भ्रष्टलाई कारबाही गर्नै पर्ने 'गगन-विश्व'को आवाज पनि मत्थर हुने बुझाइ पार्टी संस्थापन पक्षको देखिन्छ । त्यसका निम्ति ५४ प्रतिशत महाधिवेशनका प्रतिनिधि र गगन-विश्वहरू माथि कारबाहीको मनोवैज्ञानिक त्रास सिर्जना गरेर आजबाट भृकुटीमण्डपमा प्रारम्भ 'विशेष महाधिवेशन'को औचित्य माथि पार्टी संस्थापन पक्षबाट प्रश्न उठाइएको छ । सँगै, पार्टी कार्यालयमा उदेकलाग्दो तरिकाले 'काउन्टर भेला' समेत आयोजना गरिएको छ !

पार्टी फुटाउन बानी परेका देउवा र फुटाउन साथ दिने विमलेन्द्र निधि, प्रकाशमान सिंह र गोपालमान श्रेष्ठहरूका लागि कांग्रेसभित्र विकसित घटनाक्रम सामान्य लाग्न सक्दछ । तर, कांग्रेस भएबापत जीवनभर एउटा क्रियाशील सदस्यता बाहेक लाभको पद नपाएका ती महाधिवेशन प्रतिनिधि लगायत र तिनकै बलमा राजनीतिमा टिक्न सफल 'गगन-विश्व'बाट कांग्रेस फुटाइने वा विशेष महाधिवेशनको हलले कांग्रेस फटाउने कल्पनासम्म पनि गर्न सकिन्न ।

सँगै, एमाले अध्यक्ष केपी ओलीको चाहना र डिजाइनमा 'गठबन्धन विरोधी' छवि बनाएका 'गगन-विश्व'लाई पार्टीबाटै निष्काशन गरेर ओलीकै डिजाइनमा गठबन्धन गरेर आसन्न निर्वाचनमा 'लाज ढाक्ने' प्रयत्नमा 'ओली-देउवा' छन् भन्ने कुरा ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि र ती प्रतिनिधिले भरोसा राखेका नेताद्वय 'गगन-विश्व'ले नबुझ्ने कुरै भएन । 'देउवा-ओली' गठबन्धन बेगर जनतामा जानै सकिन्न भन्ने निष्कर्षमा छन् भन्ने विषय त राष्ट्रिय सभा उम्मेदवारको उम्मेदवारी र गठबन्धनबाटै प्रष्टिन्छ ।

भारत भ्रमणअघि राष्ट्रिय सभामा साझेदारी गर्न तयार पूर्व माओवादी अध्यक्ष प्रचण्डले चाहिं कुरा बुझेरै हुनुपर्दछ, एमालेकै पछाडि लागिरहँदा थप क्षति व्यहोर्नुपर्ने आकलन सहित उनले नेतृत्व गर्ने पार्टी नेकपा भने गठबन्धनबाट व्याक हुन पुग्यो ।

कांग्रेसभित्रको राजनीतिमा आवेगमा नआई विवेक पुऱ्याउने पालो अब ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिको हो । ५४ प्रतिशतको आँकडा बढेर ६५ प्रतिशत भन्दा माथि पुग्ने निश्चितप्रायः छ । पार्टीका ५० प्रतिशत भन्दा माथि महाधिवेशन प्रतिनिधिले लिने निर्णयले वैधता पाउने पनि कानूनतः निश्चित छ । बहुमत महाधिवेशन प्रतिनिधिले 'गगन-विश्व-प्रदीप' लगायत लोकप्रिय नेतालाई पार्टी सभापति, उपसभापति र महामन्त्रीको माला लगाएर सानेपा लैजाने वैधानिक हैसियत राख्दछन् पनि । त्यसरी परिवर्तन हुने नेतृत्वले नयाँ नीति सहित आसन्न निर्वाचनमा कांग्रेसलाई पहिलो पार्टी बनाउने निश्चित पनि छ ।

तर, यहींनिर प्रश्न उठ्छ- निर्वाचन आयोग संवैधानिक निकाय भने पनि कांग्रेसभित्रको यो विवादको छिनोफानोमा 'गुण्डु' हावी हुने निश्चित छ । हिजो माधवकुमार नेपालकै र आज विशेष महाधिवेशन पक्षधरको निवेदनमा आयोगले देखाएको पक्षधरताबाट बुझ्न सकिन्छ- निर्वाचन आयोगले पक्षधरता नलिई काम गर्नै सक्दैन ।

अर्कातिर, महामन्त्रीद्वयलाई झुक्याउने मामिलामा संस्थापनका सात भाइ सहित कार्यवाहक सभापति समेत सामेल भएर झुक्याउन 'आठभाइ' तयारै थिए । ती आठभाइ बाहेक हिजो संस्थापनइतर भनिएका 'डा. शेखर'समेत सामेल भएर पार्टीभित्रको परिवर्तनकारी शक्तिलाई कमजोर बनाउने एउटा मोर्चा नै निर्माण भएको छ । तसर्थ, यतिबेला अत्यन्त विवेक पुऱ्याउँदै निर्णय लिने पालो 'विशेष महाधिवेशन' पक्षधरको हो । जो निकै ठूलो उत्साहका साथ भृकुटीमण्डपमा जम्मा भएका छन् ।

विशेष महाधिवेशनका प्रतिनिधिले 'जोखिम' मोलेकै हो । 'साम, दाम, दण्ड, भेद' महाधिवेशन प्रतिनिधिमाथि प्रयोग गरिएकै हो । तर, संस्थापन पक्षको राप र ताप तथा बीचमै भावी सभापति र प्रधानमन्त्रीको संस्थापन पक्षले देखाएको लोभमा फस्न पुगी कांग्रेस रूपान्तरण सहित पुस्तान्तरणको मुद्दा नै छाडेर संस्थापन बन्न पुगेका डा. शेखर समेतको दबाबका बीच पनि ५४ प्रतिशतबाट बढेर विशेष महाधिवेशन पक्षधरको संख्या ६० भन्दा माथि पुग्नुलाई सामान्य मान्न सकिन्न ।

अब सिंगै नेपाली कांग्रेस नामको 'घर' प्राप्तिका निम्ति अर्थात् आसन्न नेपाली कांग्रेसको सिंगो केन्द्रीय नेतृत्व प्राप्त गर्नका निम्ति

बाकी ३पृष्ठमा

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# खलनायक नहीं, नायक हुँ मै




'श्रीमतीलाई छाडेर अरू कति जना महिलासँग रात बिताउनुभएको छ ?' लेखिका सोध्छिन् ।

सन्जु भन्छन्, 'यसमा यौनकर्मीलाई पनि गन्ने हो ? भो यिनीहरूलाई छाडौं । त्यस हिसाबले करिब ३०८ जनासँग सुतेको छु । त्यसपछि त गन्नै छाडिदिएँ ।'

यही एउटा जवाफ, जसले संजय दत्त अर्थात सञ्जुको बायोग्राफी लेख्न ती लेखिका राजी हुन्छिन् । लेखिकालाई लाग्छ, यिनी झुट बोल्दैनन् । त्यसो भए झुट कसले बोल्यो त ? कसले एउटा सुपरस्टारको जीवन धूलोपिठो बनाइदियो त ? कसले कसैको रंगीन दुनियाँ भताभुंग बनाइदियो त ?

राजकुमार हिरानी निर्देशित फिल्म ले कत्ति पनि अलमल नगरी भन्छ, 'मिडियाले ।'

त्यस्ता मिडिया, जो जवाफदेही सामग्री पस्कँदैनन् । एउटा मान्छेको औसत गल्तीहरूलाई प्रश्नसूचक हेडलाइन बनाएर भयंकर सनसनीपूर्ण सामाग्री पस्कन्छन् । धेरैलाई लागेको थियो, यो फिल्मले संजय दत्तको कथा भन्छ । भन्न त सञ्जय दत्तकै कथा भनेको छ तर अनुत्तरदायी मिडियालाई ट्वाइलेट पेपर बनाएर ।

राजकुमार हिरानीले फिल्म नै यस्तो बनाउँछन्, त्यसले कुनै न कुनै क्षेत्रलाई रन्थनिने गरी झापट हानिदिन्छ । पहिलो फिल्म मुन्ना भाइ एमबीबीएसमा स्वास्थ्यलाई, थ्री इडियट्समा शिक्षालाई, पिकेमा धर्मलाई र सञ्जुमा सञ्चार माध्यामलाई झापट हाने । रोचक चाहिँ के भने, यसमध्ये अधिकांश फिल्ममा उनले सञ्जय दत्तलाई अभिन्न भूमिकामा जोडे । र समाजलाई भनिरहे, 'ऊ खलनायक होइन है बरू असाधारण खुबी भएका अभिनेता हुन् ।'

सिनेमाको विरासत बोकेर जन्मिएका सञ्जय दत्त फिल्ममा नायक बनाइए, समाजमा खलनायक । उनले आफूलाई जतिसुकै जुझारु, इमानी र विद्रोही नायक देखाए पनि उनको छवीमा दाग रहिरह्यो । आखिर सन् १९९३ मा उनको फिल्म आयो 'खलनायक ।'

यो फिल्मको एउटा सर्वकालीन गीत छ, 'नायक नहीं खलनायक हुँ मै ।'

*'हो म इमानले बाँच्न चाहन्थें*
*तर मलाई इमान्दारहरूबाट डर लाग्यो*
*सबैलाई थाहा थियो म कमजोर छु*
*त्यसैले आज अर्कै भएको छु*
*म नायक होइन, खलनायक हुँ ।'*

नायक र खलनायकको विरोधाभास जीवन बाँचेका उनै सञ्जय दत्त यतिबेला नेपाल आएका छन् । उनका पिता एवं दिग्गज फिल्ममेकर सुनिल दत्तले नेपाली फिल्मलाई गुण लगाएका थिए, सुरुवाती चरणमा । फिल्म 'माइतीघर'मा उनी अतिथि भूमिकामा देखिएका छन् । तर, सञ्जय दत्त आफ्ना पिताले छाडेका पदचापहरू पछ्याउँदै यहाँसम्म आएका होइनन् । बरू कमर्सियल जुवाखालको पानसमा दियो बाल्न आएका हुन् ।उनी त्यही समयरेखामा नेपाल आइपुगे, जतिबेला नेपाली समाजमा नायकको खोजी भइरहेको छ । तर, नायक ठानिएकाहरू कतै खलनायक त होइनन् ? समाज अलमलमा छ । झुट, झेल र झमेलाको राजनीतिले कसैलाई श्रीपेच लगाइदिएको छ त कसैलाई जुत्ताको माला । समाज स्पष्ट छैन, आखिर यहाँ के भइहेको छ ?

जेनजी विद्रोह अघिको उकुसमुकुस र पछिको उथलपुथलले अनगिन्ती पात्रलाई सतहमा ल्याइदिएको छ । र समाजलाई भनिएको छ, 'यिनै अनुहारमध्ये एकजना छान, जसले तिमीलाई घात गर्नेछैन ।'

यो निर्णयक मोडमा उभिएर समाज परिकल्पना गर्छ, 'हामीलाई त त्यस्तो नायक चाहिएको छ, जस्तो हिन्दी फिल्म नायकमा अनिल कपुर थियो ।' धमाधम मुलुकमा व्याप्त विकार पहिल्याउने, फटाफट कारबाही गर्ने र सरासर उन्नत राज्यको विर्निमाण गर्ने । लोभ र डरबाट मुक्त । सत्यनिष्ठा, निर्भिक र इमान्दार । परिश्रमी, जुझारु र दूरदर्शी । आत्मविश्वास र विवेकले भरिपूर्ण । साँच्चैको श्रद्धा गर्न योग्य, नायक ।

रमाइलो संगोग त के भने करिब-करिब फिल्मका अनिल कपुर जस्तै फरक पेशा, फरक क्षेत्र र फरक पृष्टभूमिमा रमाइरहेकाहरूलाई हठात सत्ताको बागडोर सम्हाल्नुपर्ने चुनौती्मौका आइपरेको छ । महावीर पुनले भनेकै थिए, 'किताब बेच्दै गरेको मान्छेलाई यहाँ ल्याएर मन्त्री बनाइदियो यार ।'

राजनीति गर्छु, नेता बन्छु, प्रधानमन्त्री हुन्छु भनेर कहिल्यै नचिताएका पात्रहरूलाई परिस्थितिको तुफानी बेगले सत्ताको नजिक पु¥याइदिएको छ । कोही बेपर्वाह ¥याप गाइरहेका थिए, कोही तगडा अन्तर्वार्ता लिइरहेका थिए, कोही नेताहरूको झाँको झार्नेगरी प्रश्न गरिरहेका थिए, कोही कुशलतापूर्वक आफ्नो क्षमता प्रस्तुत गरिरहेका थिए, कोही समाजमा जागरण फैलाउँदै थिए । ती सबै अहिले 'नेता' भएका छन् र सत्ताको अग्निपरीक्षामा होमिएका छन् । यसले कोही न कोही त नायक जन्माउनेछ । अनि खलनायक पनि ।

प्रकाश सपूतदेखि मीनबहादुर भामसम्म, रीमा विश्वकर्मादेखि त्रिशला गुरुङसम्म राजनीतिमा चलमलाएका छन् । यो लस्करमा सुदन गुरुङसमेत मिसिएका छन्, जो जेनजी बिद्रोहमा पानी बाँड्दै थिए । राजनीतिकै जन्मकुण्डली लिएर जन्मिएजसरी पूर्णकालीन झण्डा र झोला बोकेर हिँडेकाहरूलाई लाखापाखा लगाउँदै नयाँ-नयाँ अनुहार देखापरेका छन् । यो हुलमुलमा निश्चल बस्नेत पनि भित्रभित्रै लागिपरेका छन् । उनी आफैंमा सिपालु फिल्ममेकर हुन् ।

नेपाली फिल्मको ट्रेन्डसेटर नै भनिने उनले एउटा गर्विलो कुरा गरेका थिए, कुनै अर्न्तवार्तामा । सम्भवत 'लुट' फिल्म किन बनाउनुभयो ? भन्ने प्रश्नमा उनले यस्तो जवाफ दिएका थिए, 'नेपाली फिल्म हेरेर चित्त बुझ्दैनथ्यो । आफैंलाई चित्त बुझाउनका लागि आफैंले हेर्न चाहेजस्तो सिनेमा बनाउका लागि ।'

अहिले उनी सिनेमाबाट राजनीतिमा आउनुको जवाफ पनि सम्भवत यस्तै हुनसक्छ, जस्तो कि महान दार्शनिक प्लेटोले भनेका थिए, 'राजनीतिमा सहभागी हुन अस्वीकार गर्नुको एउटा सजाय के हो भने अन्ततः तपाईं आफूभन्दा कमजोर र अयोग्य व्यक्तिहरूद्वारा शासित हुनुपर्छ।'

आफूले खोजेजस्तै शासन व्यवस्था निर्माण गर्नका लागि अहिले धेरै व्यक्ति राजनीतिमा आएका छन्, सायद ।

सत्ता र सिनेमाको यो समीकरणमा को नायक भएर निस्किएलान्, को खलनायक ? समयको सूचनापाटीमा स्पष्ट नाम खुल्ने नै छ । तर, त्यो नाम नायक फिल्मको अनिल कपुर जस्तै निस्किएलान् त?

त्यस्तो तिलस्मी र स्वैरकाल्पनिक नायक सायद फिल्ममा मात्र हुन्छ । नायक कुनै व्यक्ति जस्तो हुनसक्छ तर कुनै व्यक्ति दुरुस्त नायक जस्तो नहुन सक्छ । किनभने मान्छेको जीवन स्क्रिप्टेड हुन्न, जसलाई होशियारपूर्वक रचना गरिएको होस् । मान्छेमा नायक हुन्छ र खलनायक पनि । यी दुबै चरित्रको अर्न्तद्वन्द्वमा बाँचेको हुन्छ मान्छे । त्यसैले मान्छेले सबैभन्दा पहिले लड्नुपर्ने आफैंसँग हो । जित्नुपर्ने आफैंलाई हो । आफैंभित्रको लोभ, मोह, भयलाई जितेपछि प्रकट हुन्छ, नायक ।

मान्छे आफैंमा गल्तीहरूको शृंखला हो । दुनियाँमा यस्ता कोही नहोलान्, दूधले नुहाएका । गल्ती, कमजोरीका बाबजुत जसले आफूलाई निरन्तर सुधार्ने यत्न गर्छ, सामूहिक हितका लागि आफ्नो स्वार्थ त्याग्छ, इमान र श्रमको जगमा नयाँ धरातल रचना गर्छ उही नायक हुनेछन् ।

समाज त्यही नायकको पर्खाइमा छ । अ*नलाइनखबरडटकमबाट*

# गगन-विश्वको...........

आजबाट प्रारम्भ 'विशेष महाधिवेशन'लाई 'नीति महाधिवेशन'मा रूपान्तरण गरी भोलिको सिंगै कांग्रेस आफ्नो बनाउने महान् अभियानमा भृकुटीमण्डपमा उपस्थित सम्पूर्ण प्रतिनिधि लाग्न जरूरी छ ।

हो, थाहा छ- गगन, विश्व, प्रदीपहरूलाई सभापति, उपसभापति, महामन्त्री बनाएर बाजागाजा सहित सानेपा भित्र्याउने भृकुटीमण्डपमा उपस्थित प्रतिनिधिहरूको चाहना छ । तर, त्यो चाहनाको विषय निर्वाचन आयोग र न्यायालयसम्म कथं पुग्यो भने पार्टीको पन्ध्रौं र आसन्न प्रतिनिधिसभाको निर्वाचनअगाडि त्यो मुद्दाले निराकरण पाउने सम्भावना नै छैन ।

तसर्थ, कांग्रेस रूपान्तरण सहित पुस्तान्तरणको 'एक दशकको यात्रा'को रोडम्याप तयार सँगै; गगन, विश्वलाई पार्टीबाटै निष्काशन गर्ने पार्टी संस्थापनको चाहनालाई विशेष महाधिवेशनका प्रतिनिधिले निष्प्रभावी बनाउन जरूरी छ। यसको अलावा 'देउवा-कोइराला' डिजाइनमा महाधिवेशन हलभित्र जबर्जस्त रूपमा नयाँ नेतृत्व चयन भएको बताएर होहल्लाका बीच नेतृत्वलाई माला लगाइदिएर नियोजित रूपमा नौटंकी गर्ने र पछि सानेपा बैठकबाट 'गगन-विश्व'लाई पार्टीबाटै हटाइने खतरा पनि उत्तिकै छ । यो नौटंकी बारे विशेष महाधिवेशनका पक्षधर सचेत रहन जरूरी छ ।

घरझगडामा रुमल्लिएको कांग्रेस लिएर गठबन्धन निर्माण गर्दै आफ्नो पार्टीलाई ठूलो बनाउने ओली चाहना, पार्टीबाटै गगन-विश्वलाई निष्काशन गरिछाड्ने शेखर सहितको संस्थापनको चाहना, कांग्रेसमा देखाउन लायक 'फेस भ्यालू' भएका गगन-विश्व निष्काशनमा परे भने आफ्नो पार्टी ठूलो बनाउन सकिने नयाँ दलको चाहनाको 'हतियार' विशेष महाधिवेशनका प्रतिनिधि बन्न हुन्न ।

यी सम्पूर्ण योजनालाई पानी फोका झैं निस्तेज बनाउनका निम्ति दुई वा तीन दिन भृकुटीमण्डपमा पार्टीले भावी दिनमा लिने नीतिका उपर विहंगम बहस गरी आज हारेको जस्तो देखिए पनि दुई कदम अगाडि बढ्न भृकुटीमण्डपमा उपस्थित महाधिवेशन प्रतिनिधि एक कदम पछाडि हट्नै पर्दछ । यसै त; कांग्रेस, एमाले, नेकपा आदिको 'छवि' खर झैं सुकेको छ । यहीबेला उनीहरूको सुकेको 'खरबारी'मा सलाई कोरेर लगाउने शक्ति मजबूत भएकै बेला विवेकसम्मत निर्णयका निम्ति भृकुटीमण्डपमा उपस्थित महाधिवेशन प्रतिनिधि एक कदम पछाडि हट्नु परेको हो ।

यो पनि थाहा छ, यतिबेला संस्थापन पक्ष सहित डा. शेखर समेतले 'गगन-विश्व'ले चिसै पानीले नुहाए भन्ने भाष्य समेत निर्माण गर्नेछ । वास्तविकता त्यो होइन, विशेष महाधिवेशनका हस्ताक्षरकर्ता ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि मात्र नभई आसन्न पन्ध्रौं महाधिवेशनमा प्रतिनिधि भएर आउने प्रतिनिधिकै बलमा 'गगन-विश्व'लाई सिंगै कांग्रेस प्राप्त हुँदैछ ।

यतिबेला आवेगमा आएर एउटा वैधानिक प्रावधानको हाँगो समाएर संवैधानिक निकायदेखि प्रतिस्पर्धी दलसम्मलाई खेल्ने मौका नदिनु नै सिंगै कांग्रेसका लागि श्रेयस्कर छ । संस्थापन पक्षको विवेक त कति छ भन्ने कुरा आजका मितिसम्मको हर्कतले देखाइसकेको छ। तसर्थ, यतिबेला ती किशुनजीले जस्तो विष पिएर पार्टीलाई जोगाउने नैतिकताको आशा देउवाबाट राख्नु आफैंमा मूर्खता हो ।

सँगै; अर्को पनि कुरा निश्चित छ, देउवासँगै भृकुटीमण्डप पुगेर विशेष महाधिवेशनका प्रतिनिधिसामु शेरबहादुरजी र म कांग्रेसको आगामी सभापतिमा लड्दैनौं, भोलिको कांग्रेस तपाईंहरूकै हो, वैचारिक कांग्रेस निर्माण गर्नुस् भनेर डा. शेखरले समेत नैतिक साहस देखाउने छैनन् । तसर्थ, देशकै राजनीतिक अभिभावकको भूमिका खेल्न सक्ने कांग्रेस निर्माणका लागि 'विष' पिउने पालो 'गगन-विश्व'को हो ।

र, परिपक्व निर्णय लिने पालो भृकुटीमण्डपमा उपस्थित विशेष महाधिवेशनका प्रतिनिधिको हो ।संकटको कांग्रेसलाई पार लगाएर जेनजी विद्रोह पश्चात् बाटो बिराएको राजनीतिलाई समेत आसन्न निर्वाचन मार्फत 'ट्र्याक'मा ल्याउन प्रेरणादायी भूमिका विशेष महाधिवेशनमा उपस्थित प्रतिनिधिको हुन सक्दछ ।

जुन भूमिकाले 'गगन-विश्व'को आत्मबल त बढ्छ नै, कांग्रेसबाट 'गगन-विश्व'लाई हटाउने संस्थापन पक्षको चाहनामा बार लगाउन सक्दा बलियो बन्ने कांग्रेसका माध्यमबाट लोकतन्त्र समेतलाई लयमा ल्याउन सम्भव छ । यसको अलावा स्वतःस्फूर्त हस्ताक्षर गर्न पुगेका ५४ प्रतिशत भन्दा बढी महाधिवेशन प्रतिनिधिलाई पार्टी भित्रको, बाह्य र अन्य राजनीतिक चित्रसँगै संस्थापन पक्षको 'डरलाग्दो गेम' बुझाउँदै संगठित कांग्रेस निर्माणमा एकताबद्ध हुन आह्वान गर्ने दायित्व भने 'गगन-विश्व'को हो । यसैमा कांग्रेससँगै लोकतन्त्रको समेत भविष्य सुनिश्चित देखिन्छ ।

# कस्तो छ.......

ञ्यालीमा देखिएनन् ।

***कैदीबन्दीको चिन्ता***

अमेरिकाले भने भेनेजुएलाको वर्तमान प्रशासनलाई मदुरोको कार्यकालमा विभिन्न आरोपमा जेलमा राखिएका कैदीहरूलाई प्रक्रिया मिलाएर रिहा गर्न दबाब दिइरहेको छ।

भेनेजुएलाका दल तथा नागरिकहरू आइतबार थप राजनीतिक बन्दीहरू रिहा हुने प्रतीक्षामा देखिएका थिए।

अन्तरिम राष्टूपति डेल्सी रोड्रिगेजले मदुरोको शासनकालमा जेलमा रहेका कैदीहरूलाई रिहा गर्न सुरु गरेकी छन् । भेनेजुयलामा देखिएको अशान्त वातावरणलाई सङ्केत गर्दै देशमा शान्ति स्थपनाका लागि 'ठूलो' संख्यालाई रिहा गरिने बताएकी छन् । यद्यपि, यसको श्रेय वासिङ्गटनले लिएको छ अर्थात् भेनेजुएलामा अन्यायपूर्ण रूपमा जेलमा राखिएका नेता तथा कार्यकर्ताहरूलाई रिहाइका लागि वर्तमान प्रशासनलाई दवाव दिइरहेको वासिङ्टनले दाबी गरेको छ।

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भेनेजुएलाको नेतृत्व गरेको भन्दै भेनेजुएलाले अमेरिकासँग कूटनीतिक बाटो अपनाउने बताएका छन् ।

'भेनेजुएलाले आफ्ना राजनीतिक बन्दीहरूलाई रिहा गर्ने प्रक्रिया व्यापकरूपमा सुरु गरेको छ। धन्यवाद!' ट्रम्पले शनिबार राति आफ्नो ट्रुथ सोशल प्लेटफर्ममा एक पोस्टमा लेखेका छन् ।

उनले लेखेका छन्, 'मलाई आशा छ, संयुक्त राज्य अमेरिका भेनेजुएलामा आयो र जे गर्नुपर्ने थियो त्यो गऱ्यो भनेर ती कैदीहरूले सम्झनेछन् ।'

अधिकारवादी समूहहरूका अनुसार भेनेजुएलामा ८०० देखि एक हजार २०० राजनीतिक बन्दीहरू छन् भन्ने अनुमान छ ।

शनिबार साँझसम्म कैयौं प्रमुख विपक्षी व्यक्तित्व, कैदीबन्दी अधिकार समूह र विपक्षीसहित २१ जनालाई मात्र रिहा गरिएको छ । भेनेजुएलाविरुद्ध 'देशद्रोह' को आरोप लागेका एक प्रहरी अधिकारीको पनि राज्यको हिरासतमा मृत्यु भएको विपक्षी र अधिकारवादी समूहहरूले शनिबार बताएका छन्। 'हामी यस मृत्युको लागि डेल्सी रोड्रिगेजको शासनलाई प्रत्यक्ष रूपमा जिम्मेवार ठहराउँछौं,' भेनेजुएलाको विपक्षी गठबन्धनको एक हिस्सा प्रिमेरो जस्टिसिया (जस्टिस फर्स्ट) ले एक्समा जारी गरिएको एक विज्ञप्तिमा भनिएको छ।

प्रतिज्ञा गरिएका राजनीतिक बन्दीहरूको रिहाइको पर्खाइमा चिन्तित आफन्तहरू जेलबाहिर बसेका छन् ।

जेलमा रहेका पीडितका परिवारले काराकासको पूर्वमा एल रोडियो कारागार र गुप्तचर सेवाद्वारा सञ्चालित कुख्यात जेल एल हेलिकोइड बाहिर मैनबत्ती जुलुस प्रदर्शन गरेका छन् । उनीहरूले जेलमा रहेका आफन्तहरूको नामसहित प्लाकार्डहरू पनि बोकेका थिए ।

'म थाकिसकेको छु र आक्रोशित छु,' आफ्नो छोरालाई एल रोडियोबाट छुटाउन पर्खिरहेका बेला ५७ वर्षीया नेब्रास्का रिभासले भने ।'तर मलाई विश्वास छ, उनीहरूले छोरालाई चाँडै हामीलाई हस्तान्तरण गर्नेछन्,' दुई रात जेल बाहिर फुटपाथमा सुतेको बताउने उनले भने ।

***तेल वार्ता***

मदुरो पक्राउ परेपछि ट्रम्पले भेनेजुएलाको विशाल तेल भण्डारमा अमेरिकी पहुँच सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए र रोड्रिगेजले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेकी थिइन् ।

ह्वाइट हाउसले भनेको छ, 'ट्रम्पले भेनेजुएलाको तेलको बिक्रीबाट प्राप्त हुने अमेरिकी स्वामित्वमा रहेको राजस्वलाई अदालत वा ऋणदाताहरूले जफत गर्नबाट रोक्ने एक आपतकालीन आदेशमा हस्ताक्षर गर्नुभएको छ।'

ह्वाइट हाउसमा शुक्रबार भएको बैठकमा ट्रम्पले भेनेजुएलाको सञ्चिति भण्डारमा लगानी गर्न शीर्ष तेल अधिकारीहरूलाई दबाब दिनुभयो तर सावधानीपूर्वक स्वागत गरियो।

शेवरोन हाल भेनेजुएलामा प्रतिबन्ध छुटको माध्यमबाट काम गर्न इजाजतपत्र प्राप्त एक मात्र अमेरिकी फर्म हो।

विज्ञहरूले वर्षौंदेखिको कुव्यवस्थापन र नाकाबन्दीपछि भेनेजुयलाको तेल पूर्वाधार जीर्ण भएको बताएका छन्। वासिङ्टनले अमेरिकी दूतहरूले शुक्रबार काराकासमा आफ्नो दूतावास पुनः खोल्ने बारेमा छलफल गर्न भ्रमण गरेका पनि पुष्टि गरेको छ । अमेरिकी अधिकारीहरूले रोड्रिगेजसँग भेट गरेका थिए कि थिएनन् भन्ने प्रश्नमा भेनेजुएला सरकारले कुनै प्रतिक्रिया दिएन। एजेन्सी

# राष्ट्रिय सभा बैठक अब सिंहदरबारमा

दैनिक समाचारदाता
काठमाडौं, २८ पुस । राष्ट्रिय सभाको बैठक सिंहदरबारमा बस्ने भएको छ ।

संघीय संसद् सचिवालयका प्रवक्ता एकराम गिरीका अनुसार सिंहदरबारमै रहेको कृषि तथा प्राकृतिक स्रोत समितिको हललाई राष्ट्रिय सभाको बैठक बस्ने गरी व्यवस्थापन गरिएको छ ।

जेनजी आन्दोलनका क्रममा नयाँ बानेश्वरस्थित संसद् भवनसमेत जलेको छ । त्यसपछि वैकल्पिक रुपमा सिंहदरबारमै राष्ट्रिय सभाको बैठक राख्ने गरी व्यवस्थापन गरिएको हो ।

कृषि तथा प्राकृतिक स्रोत समितिको हललाई सभाको बैठक राख्ने गरी व्यवस्थापन गरिएको छ । प्रवक्ता गिरी भन्छन्, '९० प्रतिशत सकियो । बाँकी काम पनि माघ ४ अगाडि नै सकिन्छ ।'

सरकारले आगामी माघ ४ गते राष्ट्रिय सभाको बैठक बोलाउने निर्णय गरिसकेको छ । यसका लागि मन्त्रिपरिषद्बाट निर्णय गरेर अधिवेशन आह्वानका लागि



राष्ट्रपतिसमक्ष सिफारिस गरिएको छ ।

सरकारको सिफारिसमा राष्ट्रपतिले संसद्को अधिवेशन आह्वान र अन्त्य गर्ने व्यवस्था छ । यसअनुसार सरकारले राष्ट्रपति समक्ष सिफारिस गरेको हो ।

जेनजी आन्दोलनपछि राष्ट्रिय सभाको बैठक बस्न लागेको हो । २३ र २४ भदौमा जेनजी आन्दोलन भएको थियो । आन्दोलनपछि अन्तरिम सरकार बन्यो र प्रतिनिधिसभा विघटन गऱ्यो । अन्तरिम सरकारको सिफारिसमा राष्ट्रपतिले गत भदौ ३१ गते राष्ट्रिय सभाको अधिवेशन अन्त्य गरेका थिए ।

संसद् सचिवालयका अनुसार राष्ट्रिय सभाको अधिवेशनका लागि बिजनेसहरू पनि छन् । केही विधेयक र सरकारले ल्याएका अध्यादेशहरू रहेका छन् । त्यसका अलावा संसदीय समितिका अध्ययन प्रतिवेदन र वार्षिक प्रतिवेदनहरू समेत रहेका छन् । अधिवेशन सुरु भएपछि सांसदहरूले संकल्प प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव र जरुरी सार्वजनिक महत्वको प्रस्ताव ल्याउन सक्छन् ।

राष्ट्रिय सभामा मन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरको कार्यक्रमसमेत सञ्चालन हुने गरेको छ ।

# समानुपातिकतर्फ ५० जनाको उम्मेदवारी फिर्ता

दैनिक समाचारदाता
काठमाडौं, २८ पुस । समानुपातिक तर्फको बन्दसूचीमा नाम रहेका ५० जनाले उम्मेदवारी फिर्ताको निवेदन निर्वाचन आयोगमा दिएका छन् ।

आयोग स्रोतका अनुसार यो दिउँसो ३ बजेसम्मको विवरण हो । उम्मेदवारी फिर्ताका लागि दिउँसो ४ बजेसम्म निवेदन दिन सकिने समय छ । यसकारण यो संख्यामा केही थप हुन पनि सक्नेछ ।

उम्मेदवारी फिर्ताका लागि निवेदन दिने ५० जनामा २० जना जनमत पार्टीका छन् ।

जनमत पार्टीले समानुपातिक तर्फ ११० जनाकै नाम बुझाएको छ । २७५ सदस्यीय प्रतिनिधि सभा सदस्यका लागि ११० जना समानुपातिक निर्वाचन प्रणालीतर्फबाट र १६५ जना प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत निर्वाचित हुन्छन् ।

राजनीतिक दलहरूले यही पुस १३ र १४ गते निर्वाचन आयोगमा समानुपातिक तर्फको बन्दसूची बुझाएका थिए । उक्त



सूचीमा कलस्टर मिले/नमिलेको हेरेर दलहरूले यही पुस २७ गतेसम्म सच्याइसकेका छन् ।

आज उम्मेदवार स्वयमले उम्मेदवारी फिर्ता लिन चाहेको खण्डमा निवेदन दिने समय हो ।

निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार उम्मेदवारी फिर्ताका लागि उम्मेदवार स्वयमले आयोगमा उपस्थित भएर निवेदन दिनुपर्छ । त्यसपछि आयोगले सम्बन्धित दललाई उम्मेदवारले उम्मेदवारी फिर्ता लिन निवेदन दिएको भनेर उक्त स्थानमा अर्को उम्मेदवार पठाउन समय दिनेछ ।

प्रतिनिधिसभाको निर्वाचन भने आगामी २१ फागुनमा छ । प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता आगामी माघ ६ गतेका लागि तय भएको छ ।

# मन्त्रिपरिषद् बैठकका ६ निर्णय

दैनिक समाचारदाता
काठमाडौं, २८ पुस । सरकारले राष्ट्रिय सभाको अधिवेशन आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ ।

आजै बसेको मन्त्रिपरिषद् बैठकले आगामी माघ ४ गते अधिवेशन आह्वान गर्नका लागि सिफारिस गर्ने निर्णय गरेको हो ।

त्यस्तै, सरकारले वित्तिय क्षेत्रविकास रणनीति २०८२-०८३ देखि २०८६-०८७ स्वीकृत गर्ने निर्णय पनि गरेको सञ्चारमन्त्री जगदीश खरेलले जानकारी दिए ।

उनका अनुसार, गोरखापत्र संस्थानको अध्यक्षमा गोविन्द प्रसाद भण्डारीलाई नियुक्त गर्ने निर्णय पनि भएको छ ।

***यस्ता छन् निर्णयहरू :***

- अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकासकेन्द्र (ईसीमोड) को सदस्य राष्ट्रको हैसियतले नेपालले बुझाउनुपर्ने सन् २०२४ को वार्षिक योगदान अमेरिकी डलर रकम २ लाख ८३ हजार ५०३ अमेरिकी डलर प्रदान गर्न स्वीकृति दिने ।
- वित्तिय क्षेत्रविकास रणनीति २०८२-०८३ देखि २०८६-०८७ स्वीकृत गर्ने ।



- २०२५ मार्चको भूकम्पबाट क्षतिग्रस्त म्यानमारको महामुनीफैया बौद्ध पगैडाको अभिलेखालय र गंगाघाट मन्दिरको पुनर्निमाणका लागि अमेरिकी डलर ३ लाख ५० हजार आर्थिक सहयोग उपलब्ध गराउने ।
- मानव बेचविखनविरुद्धको राष्ट्रिय नीति २०८२ स्वीकृत गर्ने ।
- गोरखापत्र संस्थानको अध्यक्ष पदमा श्री गोविन्द प्रसाद भण्डारी, भक्तपुरलाई नियुक्त गर्ने ।
- संवत् २०८२ साल माघ ४ गते बिहान ११ बजे संघीय संसद् सचिवालय सिंहदरबारमा संघीय संसद्को राष्ट्रिय सभाको अधिवेशन आह्वान गर्न सम्माननीय राष्ट्रपतिसमक्ष सिफारिस गर्ने ।

# गोरखापत्र संस्थानको अध्यक्षमा भण्डारी नियुक्त

दैनिक समाचारदाता
काठमाडौँ, २८ पुस । गोरखापत्र संस्थानको अध्यक्षमा पत्रकार गोविन्दप्रसाद भण्डारी (अखण्ड) नियुक्त हुनुभएको छ । सोमबार बसेको मन्त्रिपरिषद् बैठकले उहाँलाई संस्थानको अध्यक्षमा नियुक्त गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्रीका प्रमुख स्वकीय उद्धवप्रसाद भट्टराईले बताउनु भयो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको पुस २८ गते बसेको मन्त्रिपरिषद्को निर्णयमा भनिएको छ, "गोरखापत्र संस्थानको अध्यक्ष पदमा श्री गोविन्दप्रसाद भण्डारी, भक्त्तपुरलाई तोक्ने ।" सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको प्रस्तावमा सो निर्णय भएको हो । लामो समय निजी मिडियाको नेतृत्वमा रहेर जिम्मेवारी निर्वाह गरिसक्नु



भएका पत्रकार भण्डारी यसअघि अन्नपूर्ण पोष्टको प्रधान सम्पादकको जिम्मेवारीमा रहनु भएको थियो । पत्रकार भण्डारी कान्तिपुर दैनिकको विभिन्न विभागको नेतृत्वदायी भूमिकामा रहेर १८ वर्षसम्म काम गर्नुभएको थियो । पत्रकार भण्डारीको 'समाचारको भाषा', 'मलाया एक्सप्रेस' र 'बोरा' जस्ता कृति प्रकाशित छन्। 'समाचारको भाषा' पत्रकारिता र समाचारको भाषासँग सम्बन्धित कृति हो । 'मलाया एक्सप्रेस' र 'बोरा' उपन्यास कृति हुन् ।

# भ्रष्टाचारविरुद्ध ...............

३) भ्रष्टाचार नियन्त्रणको पहिलो शर्त भनेको राजनीतिक नेतृत्वबाटै उदाहरण स्थापित गर्नु हो । त्यसैले भ्रष्टाचार नियन्त्रणको लागि राजनीतिक इच्छाशक्ति सवलीकरण गर्ने कार्य नेपाली कांग्रेसको मूल नीति हुनेछ । यसका लागि मन्त्री, सांसद र उच्च पदस्थ राजनीतिक व्यक्तिहरूले अनिवार्य रूपमा सपथ लिनुपूर्व आफ्नो सम्पत्ति सार्वजनिक घोषणा गर्ने, पदमा रहँदा र पद छाड्दा सम्पत्तिको तुलना गरिने व्यवस्था कडाइका साथ लागू गर्ने प्रणाली विकास गरिने छ । यससम्बन्धी आवश्यक कानुनको संसोधन गरिने छ ।

४) भ्रष्टाचार नियन्त्रणका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परिक्षक लगायतलाई कानुनी, संरचनात्मक र व्यवहारिक रूपमा पूर्ण स्वतन्त्र बनाइने छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई आधुनिक प्रविधि, दक्ष अनुसन्धानकर्ता, वित्तीय अपराध विश्लेषण गर्ने क्षमताको दृष्टिकोणले सवलीकरण गरिनेछ ।

५) विसं २०६३ पछि सार्वजनिक पदमा रहेका वा नरहेका हरेक व्यक्तिको सम्पत्ति छानविन गर्नको लागि उच्चस्तरीय सम्पत्ति छानबिन आयोग गठन गरिने छ । उक्त आयोगलाई पूर्वन्यायाधीश, सेनाका पूर्व अधिकारीलगायत सम्पूर्ण व्यक्तिको सम्पत्ति छानविनको समेत अधिकार प्रदान गरिने छ । पार्टीबाट सबै तहको सार्वजनिक पदमा जानु पूर्व सम्पत्ति सार्वजनिक गर्नैपर्ने बाध्यकारी बनाइने छ ।

६) नेपालमा भ्रष्टाचारको सबैभन्दा ठूलो केन्द्र भनेकै सार्वजनिक खरिद र ठेक्का प्रणाली हो । ठेक्का प्रक्रियामा हुने मिलेमतो, लागत बढाउने, काम नगरी भुक्तानी गर्ने, एउटै ठेकेदारलाई बारम्बार लाभ दिने प्रवृत्तिले राज्यको स्रोत दोहन भएको छ । यसलाई सुधार गर्न सबै सार्वजनिक खरिदसम्बन्धी कानूनको पुनर्लेखन र प्रक्रिया डिजिटल, खुला र नागरिक निगरानीमैत्री बनाइने छ । ठेक्का सूचना, लागत अनुमान, ठेक्का पाउने कम्पनी, कामको प्रगति र भुक्तानी विवरण सार्वजनिक हुने व्यवस्था अनिवार्य गरिने छ । स्थानीय तहदेखि केन्द्रसम्म नागरिक समाज, सञ्चारमाध्यम र समुदायको निगरानीलाई कानुनी मान्यता दिने गरी आवश्यक कानुन संशोधन गरिने छ ।

७) भ्रष्टाचार नियन्त्रण गर्ने संवैधानिक निकाय अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई वास्तविक संवैधानिक र स्वायत्त निकायको रूपमा विकसित गरिने छ । आयोगका पदाधिकारी नियुक्त गर्दा योग्यता, क्षमता र इमान्दारीका आधारमा गरिने छ । दलीय भागवण्डाबाट मुक्त गरिनेछ ।

८) अख्तियारको दुरुपयोग तथा भ्रष्टाचारको आरोप लागेका कुनै पनि तहका नेता र सदस्यलाई पार्टीले संरक्षण नगर्ने तथा औपचारिक रूपमा आरोप लागेको मितिदेखि पदबाट स्वतः निलम्बन हुने प्रस्ताव यो विशेष महाधिवेशन पारित गर्दछ ।







'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४